शहिद लखन गाउँपालिका

**गण्डकी प्रदेश, नेपाल**

# विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

# (Disaster Preparedness and Response Plan-DPRP)

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

गोरखा जिल्ला

गण्डकी प्रदेश, नेपाल

२०८०


N
Legend
Sahid_Lakhan
Gorkha
Chum Nubri
Dharche
Ajirkot
Barpak Sulikot
Aarughat
Siranchok
Palungtar
Bhimsen Thapa
Gorkha
Sahid Lakhan
Gandaki
0 5 10 20 30 40
Kilometers

# अध्यक्षको भनाई

विपदका घटनाहरु मानवीय जीवनलाई अस्तव्यस्त बनाउने विनासकारी घटनाहरु हुन। यो प्राकृतिक र गैर प्राकृतिक दुवै खालका हुन सक्छन। यसले मानवीय तथा भौतिक संरचनाहरुमा क्षति पुऱ्याउने तथा विनाश गर्ने हुन्छन्। शहिद लखन गाउँपालिकाका अधिकांश भूभाग पहाडी भएकोले पहिरो तथा बाढी लगायत आगलागी महामारी सडक दुर्घटना भूकम्प जस्ता विपदजन्य घटनाहरु घट्ने गरेका छन्। अधिकांश विपदजन्य घटनाहरु मानवीय वश बाहीर हुने भए तापनि हामीले अपनाउने पूर्व सावधानीले यसको क्षतिलाई न्यून गर्न सकिन्छ। गाउँपालिकामा गाउँ विपद व्यवस्थापन समिति तथा विपदको समयमा परिचालन हुन सक्ने विभिन्न संयन्त्रहरु रहेको छ र निरन्तर रुपमा विपद न्यूनीकरण तथा रोकथामका लागि योजना निर्माण गरी कार्यहरु हुँदै आएको छ। विपद व्यवस्थापनलाई अझ बढी प्रभावकारी तथा व्यवस्थित बनाउनको लागि यो विपद पूर्वतयारी तथा प्रतिकार्य योजना महत्वपूर्ण दस्तावेज तथा मार्गदर्शन बन्नेछ भन्ने आशा राखेको छु। यसको निर्माणमा सहयोग पुऱ्याउनुहुने गाउँ विपद व्यवस्थापन समितिका सम्पूर्ण टिम तथा जनप्रतिनिधि कर्मचारी र सहमती सँस्थाप्रति हार्दिक आभार प्रकट गर्दछु। धन्यवाद।

(..........................)

रमेश बाबु थापा मगर

अध्यक्ष

शहिद लखन गाउँपालिका

# विषय-सूची

**परिच्छेद-१: परिचय, योजनाको उद्देश्य र प्रक्रिया............................................................१**

१.१ गाउँपालिकाको परिचय........................................................................................१

१.२ योजना तर्जुमाको उद्देश्य....................................................................................१

१.३ योजना निर्माण प्रक्रिया........................................................................................१

**परिच्छेद-२: प्रकोप तथा विपद् जोखिमको अवस्था...........................................................२**

२.१ प्रमुख प्रकोपहरू..................................................................................................२

२.२ संकटासन्नता तथा विपद् जोखिमको अवस्था.......................................................२

२.३ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था............................................................२

२.४. पूर्व सूचना प्रणाली..............................................................................................२

**परिच्छेद-३: स्रोत, साधनको आँकलन..................................................................................४**

३.१ स्थानीय (गाउँ) विपद् व्यवस्थापन समिति............................................................४

३.२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका विपद् सम्पर्क व्यक्तिहरू....................५

३.३ गाउँपालिका तथा वडाको विपद् सम्पर्क व्यक्तिहरूको सूची...................................६

३.४ विषयगतक्षेत्र, संयोजक र समन्वयकर्ता...............................................................६

३.५ संस्थागत सम्बन्ध र समन्वयं..............................................................................७

३.६ विपद् व्यवस्थापन सम्बन्धी सामग्रीहरू................................................................७

३.७ विपद्को समयमा सहायता पुऱ्याउने संघसंस्था र व्यक्तिहरूको सूची......................९

**परिच्छेद-४: सामान्य पूर्वतयारी योजना...........................................................................१०**

**परिच्छेद-५: पूर्वानुमानमा आधारित पूर्वतयारी योजना.....................................................१२**

**परिच्छेद-६: आपत्कालीन प्रतिकार्य योजना.......................................................................१३**

**परिच्छेद-७: विविध...........................................................................................................१७**

७.१ आर्थिक स्रोत व्यवस्थापन...................................................................................१७

७.२ अनुगमन तथा सिकाई अभिलेखिकरण..................................................................१७

७.३ योजनाको अद्यावधिक.........................................................................................१७

**परिच्छेद-६: अनुसूची.......................................................................................................१८**

# परिच्छेद-१

# परिचय, योजनाको उद्देश्य र प्रक्रिया

## १.१ गाउँपालिकाको परिचय

शहिदलखन गाउँपालिका गोरखा जिल्लाको सदरमुकाम गोरखा बजारदेखि दक्षिणपुर्वी भागमा पर्दछ भने यो गाउँपालिका तनहुँ जिल्लाको आँबुखैरेनी बजारदेखी नजिकै दरौंदी नदीमाथीको पुल तरेसँगै सुरु हुन्छ । पुर्वमा भीमसेन गाउँपालिका, गण्डकी गाउँपालिका र धादिंग जिल्ला, पश्चिममा तनहुँ जिल्ला, उत्तरमा भीमसेन थापा गाउँपालिका गोरखा नगरपालिका, दक्षिणमा गण्डकी गाउँपालिका, तनहुँ र चितवन जिल्लाले घेरिएको यस गाउँपालिकामा मगर, गुरुंग, नेवार, क्षेत्री, ब्राह्मण, चेपांग र दलितहरुको मुख्य बसोबास रहेको छ भने बराम, मुष्लिम, माझी, दराई आदिको पनि बसोबास छ । नेपालकै प्रथम शहिद लखन थापा मगर र जैसिँह चुमी मगरको जन्मस्थल रहेको यस गाउँपालिकामा हिन्दुहरुको पवित्र तिर्थस्थल मनकामना मन्दिर रहनुका साथै विभिन्न दर्शनीय पर्यटकीय स्थलहरुसमेत रहेका छन । आर्थिक सामाजिक समृद्धिका लागि विभिन्न सम्भावना बोकेको यस गाउँपालिकाको प्रमुख सम्भावनायुक्त क्षेत्र कृषि र पशुपालन रहेको छ ।

गोरखा जिल्लाको दक्षिणपूर्वी भागमा अवस्थित यो पालिकामा साविकका बक्राङ्ग, मनकामना, ताक्लुङ्ग, घैरुङ्ग, बुंकोट र नामजुङ्ग गा.वि.स.हरू समावेश भई गठन भएको हो । यो गाउँपालिकामा ९ वटा वडाहरू रहेका छन् । यसको क्षेत्रफल १४९.०३ वर्ग कि.मि., घरधुरी ६,८५६ र जनसंख्या २३,०७६ (महिलाः १२,२६९, पुरुषः १०,८०७) रहेको छ । यो गाउँपालिकाको सिमाना पूर्वमा भिमसेन थापा गाउँपालिका, गण्डकी गाउँपालिका र धादिङ्ग जिल्ला, पश्चिममा गोरखा नगरपालिका र तनहुँ जिल्ला, उत्तरमा भिमसेन थापा गाउँपालिका र गोरखा नगरपालिका, दक्षिणमा गण्डकी गाउँपालिका, तनहुँ जिल्ला र चितवन जिल्लासँग जोडिएको छ ।
पहाडी भुगोलमा अवस्थित यस गाउँपालिकाको मुख्य नदीहरूमा ज्यादुल खोला, बही खोला, जुग्दी खोला, राङ्दी खोला पर्दछन् । यसैगरी, यो गाउँपालिका बुढी गण्डकी, त्रिशुली दरौंदी, लुदी खोला र ज्यादुल खोलाको बीचमा रहेको छ । यहाँ प्रसिद्ध धार्मिक तथा साँस्कृतिक तिर्थ स्थलहरू र ऐतिहासिक पर्यटकीय गन्तव्य स्थल रहेका छन् ।

## १.२ योजना तर्जुमाको उद्देश्य

प्राकृतिक वा गैरप्राकृतिक कुनै पनि प्रकोपको कारण सिर्जना हुने विपद्को समयमा तत्काल र प्रभावकारी प्रतिकार्य गर्न सहयोग पुऱ्याउने यस योजनाको मुख्य उद्देश्य रहेको छ ।

यस योजनाको विशिष्ट उद्देश्यहरू निम्न अनुसार रहेका छन् ।

(क) स्थानीय तहमा विपद् प्रतिकार्यका लागि सरोकारवालाहरू पहिचान गर्ने,

(ख) विपद्मा परिचालन गर्न सकिने स्रोत तथा साधनको आँकलन गर्ने,

(ग) पूर्व तयारीका लागि कार्य योजना निर्माण गर्ने, र

(घ) विपद् प्रतिकार्यको विधि तयार गर्ने ।

## १.३ योजना निर्माण प्रक्रिया

यो योजना निमार्ण गर्न तपशिल बमोजिमको प्रक्रिया अवलम्वन गरिएको छ ।

(क) स्थानीय विपद् व्यवस्थापन समितिबाट योजना तर्जुमाको लागि निर्णय,

(ख) विपद् प्रतिकार्य सम्बन्धी दस्तावेजहरू अध्ययन,

(ग) विभिन्न चरणमा स्थानीय विपद् व्यवस्थापन समितिको बैठक सम्पन्न,

(घ) सहजीकरण तथा योजनाको मस्यौदा तयारको लागि संघसंस्थाहरूसँग सहकार्य ।

# परिच्छेद-२

# प्रकोप तथा विपद् जोखिमको अवस्था

## २.१ प्रमुख प्रकोपहरू


बाढी, पहिरो, आगलागी/डढेलो, महामारी, सडक दुर्घटना, जंगली जनावर, बालीमा फल नलाग्ने (Crop Failure), र भूकम्प यस गाउँपालिकाको प्रमुख विपद्/प्रकोपहरू हुन् ।

## २.२ संकटासन्नता तथा विपद् जोखिमको अवस्था

बाढी र पहिरोको कारण यस गाउँपालिकाको वडा नं. १, ३, ४, ५ र पहिरोको कारण वडा नं. २, ६, ७, ८, ९ अत्यन्तै संकटासन्न अवस्थामा रहेका छन् । त्यसैगरी, आगलागी/डढेलो, महामारी, सडक दुर्घटना, जंगली जनावर र भूकम्पको दृष्टिकोणले सबै वडा संकटासन्न अवस्थामा रहेका छन् ।

## २.३ कानूनी, नीतिगत तथा संस्थागत व्यवस्था


शहिद लखन गाउँपालिकाले विपद् जोखिम व्यवस्थापनलाई उच्च प्राथमिकता दिई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ तयार गरी लागु गरेको छ । त्यसैगरी, गाउँपालिकाले भूकम्प पीडित सहयोग घुम्ती कोष सञ्चालन कार्यविधि, २०७५ (पहिलो संशोधन), विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६ र आपत्कालीन् कार्यसञ्चालन केन्द्र सञ्चालन कार्यविधि, २०७६ समेत तयार गरेको छ । ऐन लगायत कार्यविधिहरू कार्यान्वयन गर्न गाउँपालिकास्तरमा स्थानीय विपद् व्यवस्थापन समिति गठन गरेको छ । वडा स्तरमा समेत वडा विपद् व्यवस्थापन समिति गठन गरिएको छ । थप, यस गाउँपालिकामा स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र स्थापना गरी विपद् सम्पर्क व्यक्तिहरू समेत तोकिएको छ । आपत्कालीन् कार्यसञ्चालन केन्द्रको कार्यगत संरचना निम्नानुसार रहेको छ ।




**चित्र १: आपत्कालीन् कार्यसञ्चालन केन्द्रको कार्यगत संरचना**

## २.४. पूर्व सूचना प्रणाली

वर्षातको समयमा बाढी र पहिरोको उच्च जोखिम हुने भएकोले गाउँपालिकाबाट सूचना जारी गरी उच्च सतर्कता र सावधानी अपनाउन सम्पूर्ण गाउँपालिकाबासीलाई अपिल गर्ने गरिएको छ । यदि कुनै पनि प्रकारको विपद्जन्य घटना घटेमा वा घटना घट्न सक्ने संभावना देखिएमा तत्काल सम्बन्धित वडा अध्यक्ष लगायत प्रहरी कार्यालयलाई समेत जानकारी गराउन अनुरोध गरिन्छ । स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्रबाट विपद् जोखिम सम्बन्धी जानकारी, सूचना आदानप्रदान गर्नको लागि तल उल्लेख भएबमोजिमको सञ्चार संयन्त्र तयार गरिएको छ । तथापी, समुदायमा आधारित पूर्व सूचना प्रणालीका लागि थप कार्यहरू गर्न जरुरी रहेको छ ।




**चित्र २: आपत्कालीन् कार्यसञ्चालन केन्द्रको सञ्चार संयन्त्र**

# परिच्छेद-३

# स्रोत, साधनको आँकलन

## ३.१ स्थानीय (गाउँ) विपद् व्यवस्थापन समिति

गाउँपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न शहिद लखन गाउँपालिकाको अध्यक्षको संयोजकत्वमा गाउँ (स्थानीय) विपद् व्यवस्थापन समिति गठन गरिएको छ । यस समितिको संयोजक तथा सदस्यहरूको नामावली तलको तालिकामा राखिएको छ ।

| क्र.सं. | नाम र थर | प्द | स्था.वि.व्य.स.मा भूमिका | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | रमेशबाबु थापा मगर | अध्यक्ष, गाउँपालिका | संयोजक | ९८५६०४०३७५ |
| २ | इन्दिरा तिवारी | उपाध्यक्ष, गाउँपालका | सदस्य | ९८४६४३३५१५ |
| ३ | बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका | सदस्य | ९८५६०१०५३३ |
| ४ | दिपक पाण्डे | संयोजक, आर्थिक समिति | सदस्य | ९८५६०६१४६१ |
| ५ | कृष्ण बहादुर प्रजा | संयोजक, सामाजिक विकास समिति | सदस्य | ९८४६२५२९९७ |
| ६ | शरण श्रेष्ठ | संयोजक, पूर्वाधार विकास समिति | सदस्य | ९८५६०४०३६८ |
| ७ | प्रेम गुरुङ्ग | संयोजक, वन, वातावरण तथा विपद् व्य.समिति | सदस्य | ९८५६०४११२७ |
| ८ | यम बहादुर राना | संयोजक, सुशासन तथा संस्थागत विकास समिति | सदस्य | ९८४६१५८९७३ |
| ९ | ई.राजन रानाभाट | प्रमुख, पूर्वाधार शाखा | सदस्य | ९८४६०१०५४३ |
| १० | पूर्ण बहादुर गहतराज | प्रमुख, प्रशासन शाखा | सदस्य | ९८५६०१०५१४ |
| ११ | विरेन्द्र श्रेष्ठ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य | ९८४६०५२३७७ |

| | | | | |
|---|---|---|---|---|
| १२ | डेड बहादुर थापा | प्रमुख, घैरुङ्ग | सदस्य | ९८५६०९११०१ |
| १३ | ई.मेघनाथ प्रसाद यादव | विपद् सम्पर्क व्यक्ति | सदस्य सचिव | ९८५६०१०५३८ |

### ३.२ स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Center-LEOC) अन्तर्गत विपद् व्यवस्थापन सम्पर्क व्यक्तिहरू

सबै वडाहरूले निर्णय गरी पठाएका विपद् सम्पर्क व्यक्तिहरूलाई गाउँपालिकाले स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्रको विपद् सम्पर्क व्यक्तिहरू रुपमा तोकेको छ । साथै, स्थानीय स्तरमा रहेका प्रहरी कार्यालयको प्रतिनिधिहरूलाई समेत विपद् सम्पर्क व्यक्तिको सूचीमा समावेश गरिएको छ। ती विपद् सम्पर्क व्यक्तिहरूको सूची निम्न तालिकामा राखिएको छ।

| क्र.सं. | नम | पद | सम्पर्क नम्वर |
|---|---|---|---|
| १ | प्रेम गुरुङ्ग | अध्यक्ष, वडा नं. १ | ९८५६०४११२७ |
| २ | सकुन थापा | अध्यक्ष, वडा नं. २ | ९८४६९०८६८७ |
| ३ | दिपक पाण्डे | अध्यक्ष, वडा नं. ३ | ९८५६०६१४६१ |
| ४ | यम बहादुर थापा | अध्यक्ष, वडा नं. ४ | ९८५१०१६३६२ |
| ५ | यम बहादुर राना | अध्यक्ष, वडा नं. ५ | ९८४६१५८९७३ |
| ६ | दिलिप नारायण थापा | अध्यक्ष, वडा नं. ६ | ९८४१६२८३२७ |
| ७ | शरण श्रेष्ठ | अध्यक्ष, वडा नं. ७ | ९८५६०४०३६८ |
| ८ | बासुदेव ढकाल | अध्यक्ष, वडा नं. ८ | ९८५१०८५७९७ |
| ९ | राम कुमार श्रेष्ठ | अध्यक्ष, वडा नं. ९ | ९८४६२९०९२१ |
| १० | ई.मेघनाथ प्रसाद यादव | विपद् सम्पर्क व्यक्ति, गा.पा. | ९८५६०१०५३८ |
| ११ | इलाका प्रहरी कार्यालय, मनकामना | ईञ्चार्ज | ९८५६०४१३९९ |
| १२ | राईनस प्रहरी चौकी, ताक्लुङ्ग | ईञ्चार्ज | ९८५६०४१८९९ |
| १३ | घैरुङ्ग प्रहरी चौकी, घैरुङ्ग | ईञ्चार्ज | ९८५६०९११०१ |
| १४ | बुंकोट प्रहरी चौकी, बुंकोट | ईञ्चार्ज | ९८५६०४६७९९ |

## ३.३ गाउँपालिका तथा वडाको विपद् सम्पर्क व्यक्तिहरूको सूची

गाउँपालिका र वडास्तरमा विपद्सम्बन्धी कार्यलाई नियमित रुपमा अगाडी बढाउन दुवै तहमा विपद् सम्पर्क व्यक्ति तोकिएको छ । ती विपद् सम्पर्क व्यक्तिहरूको सूची तल उल्लेख गरिएको छ ।

| क.सं. | विपद् सम्पर्क व्यक्ति | प्द | कार्यालय, वडा | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | ई.मेघनाथ प्रसाद यादव | ईञ्जिनियर | गाउँपालिका | ९८५६०१०५३८ |
| २ | शम्भु शरण सापकोटा | वडा सचिव | वडा नं.१ | ९८४६३८२९८० |
| ३ | मनहरी ज्ञावाली | वडा सचिव | वडा नं.२ | ९८४६१२५६७७ |
| ४ | रश्मा थापा | वडा सचिव | वडा नं.३ | ९८४६०९३२९४ |
| ५ | कर्ण बहादुर थापा | वडा सचिव | वडा नं.४ | ९८४६१२०५२४ |
| ६ | रमेश ढकाल | वडा सचिव | वडा नं.५ | ९८४५०४९५८९ |
| ७ | कृष्ण प्रसाद अर्याल | वडा सचिव | वडा नं.६ | ९८४६०३९७१३ |
| ८ | पमिता अर्याल | वडा सचिव | वडा नं.७ | ९८४००४४८६० |
| ९ | अमृता सिग्देल | वडा सचिव | वडा नं.८ | ९८६४४२३८१४ |
| १० | सरस्वती धिताल | वडा सचिव | वडा नं.९ | ९८४९२७६३५९ |

## ३.४ विषयगत क्षेत्र, संयोजक र समन्वयकर्ता

विपद् पूर्व तयारी तथा प्रतिकार्यका लागि गाउँपालिकाले ६ वटा विषयगत क्षेत्र स्थापना गरी संयोजक र समन्वयकर्ता छनौट गरिएको छ । विषयगत क्षेत्रको सूची तलको तालिकामा उल्लेख गरिएको छ ।

| क.सं. | विषयगत क्षेत्रहरू | संयोजक | समन्वयकर्ता |
|---|---|---|---|
| १ | खोज तथा उद्धार, सूचना र समन्वय | प्रेम गुरुङ, कार्यपालिका सदस्य | प्रमुख, विपद् व्यवस्थापन शाखा |
| २ | स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन | कृष्ण चेपाङ, कार्यपालिका सदस्य | प्रमुख, स्वास्थ्य शाखा |
| ३ | आपत्कालीन् आश्रयस्थल तथा गैर-खाद्य सामग्री व्यवस्थापन | शरण श्रेष्ठ, कार्यपालिका सदस्य | प्रमुख, सामाजिक विकास शाखा |
| ४ | खाद्य सुरक्षा र पोषण | दिलिप थापा मगर, कार्यपालिका सदस्य . | प्रमुख, कृषि शाखा |
| ५ | संरक्षण र शिक्षा | दिपक पाण्डे, कार्यपालिका सदस्य | प्रमुख, शिक्षा शाखा |
| ६ | बन्दोवस्ती र शीघ्र पुनर्लाभ | यम बहादुर राना, | प्रमुख, पूर्वाधार |

| | | कार्यपालिका सदस्य . | विकास शाखा |
|---|---|---|---|

### ३.५ संस्थागत सम्बन्ध र समन्वय

जिल्ला विपद् व्यवस्थापन समितिको बैठक आयोजना हुँदा स्थानीय तहका प्रमुख/उप-प्रमुख एवं अध्यक्ष/उपाध्यक्षहरू समेतको उपस्थिति रहने भएको हुँदा यस गाउँपालिकाको पनि जिल्लागत सम्बन्ध रहेको छ । यस्ता बैठकहरूमा भएका उपस्थितिले जिल्लाका हरेक विपद् सम्बन्धी निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित हुनुको साथै सूचना आदानप्रदान हुने गरेको छ ।

### ३.६ विपद् व्यवस्थापन सम्बन्धी सामग्रीहरू

विभिन्न विषयगतक्षेत्रहरूसँग भएका विपद् प्रतिकार्यका सम्बन्धी सामग्रीहरू सम्बन्धित शिर्षकहरू अन्तर्गत राखिएको छ ।

**(क) खोज तथा उद्धार विषयगतक्षेत्रसँग भएको सामग्रीहरू**

| सामग्रीको नाम | परिमाण | भण्डारण स्थल | सम्पर्क व्यक्ति र नम्बर | अपुग वा थप्नुपर्ने | अनुमानित लागत (रु.) |
|---|---|---|---|---|---|
| फायर फाईटिङ्ग पम्प | १ वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | ८ वटा | ६० लाख |
| वाटर प्रुफ ज्याकेट | १० | मनकामना ई.प्र.का., राईनस प्रहरी चौकी, बैरुङ्ग प्रहरी चौकी, बुंकोट प्रहरी चौकी | चौकी ईन्चार्ज, ९८५६०४१३९९ चौकी ईन्चार्ज, ९८५६०४१८९९ चौकी ईन्चार्ज, ९८५६०९११०१ चौकी ईन्चार्ज, ९८५६०४६७९९ | ५० वटा | १ लाख |
| फायर फाईटिङ्ग सुट, जम्पसुट | ० | „ | „ | १०० वटा | २ लाख |
| लाईफ ज्याकेट, ब्याक प्याक | ५ वटा | „ | „ | १०० वटा | २ लाख |
| गल, गैंती, सावेल | १५ वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | १०० वटा | ४० हजार |
| दमकल | ० | | | १ वटा | ८० लाख |
| स्ट्रेचर | ५ वटा | गा.पा | | १०० वटा | २ लाख |

| | | | | | |
|---|---|---|---|---|---|
| | | प्रहरी चौकी | | | |
| फायर एक्सटिङ्गुइसर (९ कि.ग्रा.) | ५ वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | ५० वटा | ५ लाख |
| मोटर बाईक | ५ वटा | श.ल.गा.पा. | | | |
| सेफ्टी हेल्मेट | २० वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | ३० वटा | २ लाख |
| हेड टर्च | २० वटा | मनकामना ई.प्र.का., राईनस प्रहरी चौकी, बैरुङ्ग प्रहरी चौकी, बुंकोट प्रहरी चौकी . | चौकी ईञ्चार्ज, ९८५६०४१३९९ चौकी ईञ्चार्ज, ९८५६०४१८९९ चौकी ईञ्चार्ज, ९८५६०९११०१ चौकी ईञ्चार्ज, ९८५६०४६७९९ | ५० वटा | १ लाख |
| रेस्क्यू डोरी | ६९ मि. | मनकामना ई.प्र.का., राईनस प्रहरी चौकी, बैरुङ्ग प्रहरी चौकी, बुंकोट प्रहरी चौकी | चौकी ईञ्चार्ज, ९८५६०४१३९९ चौकी ईञ्चार्ज, ९८५६०४१८९९ चौकी ईञ्चार्ज, ९८५६०९११०१ चौकी ईञ्चार्ज, ९८५६०४६७९९ | १००० मि | २५००० |
| हाते साईरन | १ वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | १० वटा | ४०००० |
| हतौडा | ५ वटा | श.ल.गा.पा. | पुर्ण बहादुर गहतराज, ९८५६०४०७९५ | २० वटा | ४०००० |

### (ख) खाद्य सुरक्षा र पोषण विषयगतक्षेत्रसँग भएको सामग्रीहरू

| सामग्रीको नाम | परिमाण | भण्डारण स्थल | सम्पर्क व्यक्ति र नम्बर | अपुग वा थप्नुपर्ने | अनुमानित लागत (रु.) |
|---|---|---|---|---|---|
| खाद्यान्न | १० टन | सामुदायिक भवन | संयोजक, टोल विकास संस्था | १०० टन | १०००००० |

| | | | | | |
|---|---|---|---|---|---|
| पानी | ५०० कार्टुन | " | " | २०००० | २००००० |
| फलफूल | १ टन | " | " | | |

**(ग) स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन विषयगतक्षेत्रसँग भएको सामग्रीहरू**

| **सामग्रीको नाम** | **परिमाण** | **भण्डारण स्थल** | **सम्पर्क व्यक्ति र नम्बर** | **अपुग वा थप्नुपर्ने** | **अनुमानित लागत (रु.)** |
|---|---|---|---|---|---|
| औषधी | १ सेट | गाउँपालिका | विरेन्द्र श्रेष्ठ | १० सेट | ३ लाख |
| पाईप | ५ क्वाईल | " | राजन रानाभाट | १० क्वाईल | २ लाख |
| फिल्टर | २० | " | पूर्ण गहतराज | ३० | १ लाख |
| सरसफाईका साधनहरूको प्याकेट | १०० | " | " | २०० | १ लाख |

## ३.७ विपद्को समयमा सहायता पुऱ्याउने संघसंस्था र व्यक्तिहरूको सूची

गाउँपालिकामा कुनै पनि विपद्जन्य घटना भएमा विभिन्न विषयगतक्षेत्रहरूमा सहभागी भई सहायता गर्नसक्ने संघसंस्था वा व्यक्तिहरूको नाम र सम्पर्क नम्वर तलको तालिकामा राखिएको छ ।

| क्र.सं. | व्यक्ति, संघसंस्था वा कार्यालयको नाम | ठेगाना | सहायताको प्रकार/विवरण | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | नेपाली सेना, सशस्त्र प्रहरी बल, जनपथ प्रहरी | गोरखा जिल्ला | खोज तथा उद्धार | |
| २ | नेपाल रेडक्रस सोसाईटी | गोरखा जिल्ला | राहत | |
| ३ | मानव सेवा आश्रम | गोरखा नगरपालिका | संरक्षण | |
| ४ | अपाङ्ग संघ | श.ल.गा.पा. | संरक्षण | |
| ५ | गोरखा नगरपालिका | गोरखा जिल्ला | दमकल | |
| ६ | शरण श्रेष्ठ | श.ल.गा.पा.-७ | कार | ९८५६०४०३६८ |
| ७ | यम बहादुर थापा | श.ल.गा.पा.-४ | टोयोटा हाईलक्स | ९८५१०१६३६२ |
| ८ | पूर्ण बहादुर श्रेष्ठ | श.ल.गा.पा.-६ | बोलेरो गाडी | |
| ९ | विरेन्द्र श्रेष्ठ, स्वास्थ्य शाखा | श.ल.गा.पा. | स्वास्थ्य सेवा | ९८४६०५२३७७ |
| १० | राजन रानाभाट, प्राविधिक फाँट | श.ल.गा.पा. | समन्वय, प्राविधिक कार्य | ९८४६०१०५४३ |
| ११ | स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र | श.ल.गा.पा. (वडा नं.१-९) | स्वास्थ्य सेवा | |
| १२ | जिल्ला अस्पताल | गोरखा न.पा. | स्वास्थ्य उपचार | डा.हरि श्रेष्ठ |
| १३ | स्वास्थ्य कार्यालय | गोरखा न.पा. | स्वास्थ्य सेवा | यम प्र.शर्मा, ९८५६०४०११९ |

# परिच्छेद-४

## सामान्य पूर्वतयारी योजना

शहिद लखन गाउँ विपद् व्यवस्थापन समितिमा छलफल गरी प्रभावकारी विपद् प्रतिकार्यका लागि तल तालिकामा उल्लेख भएबमोजिमका सामान्य पूर्वतयारी योजना तयार गरिएको छ ।

| क्र.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवारी/विषयगतक्षेत्र |
|---|---|---|---|
| १ | विपद् सम्बन्धी सूचनामूलक सन्देश प्रशारणको लागि एफ.एम.रेडियो तथा टेलिभिजनको सम्पर्क सूची तयार गर्ने । | प्रकोपको समय शुरु हुनुभन्दा पहिल्यै | विपद् सम्पर्क व्यक्ति, शहिद लखन गाउँपालिका |
| २ | प्रकोप र विपद्को बेला उद्दार, राहत र पुनर्स्थापनासम्बन्धी नमुना पुर्वाभ्यास गर्ने ( हरेक वार्ड तहमा) (Flood Simulation/Mock Drill/Fire Simulation etc.) | हरेक वर्ष बैशाख पहिलो हप्ता | विपद् सम्पर्क व्यक्ति, शहिद लखन गाउँपालिका |
| ३ | प्रकोप विपद्सम्बन्धी द्रुत कार्यदल Rapid Action Team/Rapid Response Youth Action Team हरेक वार्डमा गठन गर्ने | हरेक वर्ष बैशाख पहिलो हप्ता | विपद् व्यवस्थापन समिति संयोजक |
| ४ | हरेक वार्ड तहमा विपद् न्यूनिकरण योजना (Disaster Risk Reduction Plan-DRRP) तयार पार्ने/अपडेट गर्ने | हरेक वर्ष चैत्र महिनाभित्र | विपद् सम्पर्क व्यक्ति, शहिद लखन गाउँपालिका |
| ५ | पलिका तहमा हरेक वर्ष मनसुन पुर्वतयारी योजना (Pre-Manson Plan) तयार पार्ने/अपडेट गर्ने | हरेक वर्ष बैशाख पहिलो हप्ता | विपद् सम्पर्क व्यक्ति, शहिद लखन गाउँपालिका |
| ६ | विपद् लेखाजोखा मार्गदर्शनमा उल्लेख भए बमोजिम प्रारम्भिक द्रुत लेखाजोखाको लागि फारम तयार गरी राख्ने । | " | " |
| ७ | विपद्को समयमा क्षति विवरण संकलन र अभिलेखिकरणको लागि ३ जना सदस्य रहने गरी एक सर्वेक्षण टोली गठन गर्ने र क्षमता विकास गर्ने । | " | स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र |
| ८ | खोज तथा उद्धार सम्बन्धी अपुग वा थप गर्नुपर्ने सामग्रीहरू व्यवस्था गर्ने । | " | खोज तथा उद्धार, सूचना र समन्वय |
| ९ | विपद्को समयको लागि वितरण वा उपचार गर्न अति आवश्यक औषधी व्यवस्था गर्ने । | " | स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता |

| | | | |
|---|---|---|---|
| | | | प्रवर्द्धन |
| १० | मापदण्डमा उल्लेख भएबमोजिम शुद्ध खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धनको लागि सामग्रीहरूको व्यवस्था गर्ने । | ” | ” |
| ११ | विपद्मा प्रभावित हुनसक्ने व्यक्ति र परिवार संख्या अनुमान गरी राहत वितरणको लागि खाद्य सामग्रीहरू भण्डारण गर्ने वा तत्काल खरिद गर्न सकिने पसलको सूची तयार गर्ने । | ” | खाद्य सुरक्षा र पोषण |
| १२ | खाद्य सामग्री वितरणको अभिलेख राख्न फारम तयार गर्ने र उक्त सामग्री वितरण गर्ने प्रक्रिया निर्धारण गर्ने । | ” | खाद्य सुरक्षा र पोषण |
| १३ | मापदण्डमा उल्लेख भएबमोजिम हुने गरी गैरखाद्य सामग्रीहरू वितरणको लागि उक्त सामग्रीहरू जोहो गर्ने वा तत्काल सहयोग लिन सकिने संघसंस्था वा खरिद गर्न सकिने पसलको सूची तयार गर्ने । | ” | आपत्कालीन् आश्रयस्थल तथा गैर-खाद्य सामग्री व्यवस्थापन |
| १४ | नेपाल रेडक्रस सोसाइटीको समन्वयमा अस्थायी शिविर खडा गर्न एक टोली गठन गरी तालिमको व्यवस्था गर्ने । | ” | ” |
| १५ | विपद् पश्चात अस्थायी शिविरमा रहने गर्भवती, स्तनपान गराउने महिला, नवजात शिशु, ५ वर्ष मुनिका बालबालिकाहरू तथा बृद्धबृद्धाहरूको स्याहार गर्ने तौरतारका बारे तालिम लिने र आवश्यक सामग्रीहरूको व्यवस्था गर्ने । | ” | संरक्षण र शिक्षा |
| १६ | विपद्को समयमा मनोसामाजिक शिक्षा र परामर्श सेवा उपलब्ध गर्न दक्ष व्यक्ति तयार गर्ने वा मनोसामाजिक परामर्शकर्ताको सूची तयार गर्ने । | ” | ” |
| १७ | विपद्मा अवरुद्ध हुने सार्वजनिक सेवाहरू जस्तै खानेपानीको धारा, विजुली, सञ्चार, आदिलाई तत्काल सञ्चालनमा ल्याउन मर्मत सम्भारमा खटिने टोलीको सूची तयार गर्ने र परिचालन हुने विधि तय गर्ने । | ” | बन्दोवस्ती र शीघ्र पुनर्लाभ |

## परिच्छेद-५

# पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

कुनै पनि प्रकोपको कारण विपद् हुनसक्ने सम्भावना देखिएमा गाउँ विपद् व्यवस्थापन समिति, आपत्कालीन् कार्यसञ्चालन केन्द्र र विभिन्न विषयगतक्षेत्रहरूले गर्नुपर्ने कार्यहरूलाई यस विपद् पूर्वानुमानमा आधारित पूर्व तयारी योजनामा राखिएको छ ।

| क.सं. | क्रियाकलापहरू | समयावधि | जिम्मेवारी/विषयगतक्षेत्र |
|---|---|---|---|
| १ | सामान्यतया नेपालमा पूर्वानुमान गरिने प्रकोपहरू बाढी/पहिरो र हावाहुरी आउने समय शुरु भए पछि जल तथा मौसम पूर्वानुमान शाखाको वेभपेज निरन्तर हेर्ने । | मनसुन र हावाहुरी आउनु भन्दा अगावै | स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र |
| २ | जल तथा मौसम पूर्वानुमान शाखाले जोखिमको सम्भावना देखाएमा सबै विषयगतक्षेत्ररूको संयोजकलाई बोलाई तत्काल गाउँ विपद् व्यवस्थापन समितिको बैठक आयोजना गर्ने । | " | अध्यक्ष, गाउँ विपद् व्यवस्थापन समिति (स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र मार्फत) |
| ३ | अत्याधिक वर्षा भई बाढी आउन सक्ने अवस्था वा खराव मौसमको कारण हावाहुरी आउन सक्ने सम्भावना भएमा एफ.एम. लगायतका सबै सामाजिक सञ्जाल मार्फत सूचना जारी गर्ने । | " | " |
| ४ | विपद्जन्य घटना हुनसक्ने सम्भावना भएमा सबै विषयगतक्षेत्रलाई तयारी अवस्थामा रहन आग्रह गर्ने र वडा विपद् व्यवस्थापन समितिलाई सतर्क रहन जानकारी गर्ने । | " | स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द |
| ५ | विपद्मा परिचालन हुनपर्ने भएमा विषयगतक्षेत्रको बैठक आयोजना गरी सामग्रीहरू र परिचालन हुने मानवीय जनशक्ति तयारी अवस्थामा राख्ने । | " | सबै विषयगतक्षेत्रहरू |
| ६ | सबै विषयगतक्षेत्रहरूको तयारी पुरा भएपछि परिचालन हुनुभन्दा अघि गाउँ विपद् व्यवस्थापन समितिको आपत्कालीन् बैठक बसी समिक्षा गर्ने र परिचालन हुने । | " | गाउँ विपद् व्यवस्थापन समिति |

# परिच्छेद-६

# आपत्कालीन् प्रतिकार्य योजना

कुनै पनि प्रकोपको कारण विपद्जन्य घटना भएमा र घटनाको प्रकृति हेरी पीडित घरपरिवारलाई तत्काल राहत लगायत अन्य प्रतिकार्य वा सहयोग गर्नुपर्ने भएमा विषयगतक्षेत्रहरू परिचालन गरिने हुँदा उक्त समयको लागि विषयगतक्षेत्रहरूको आपत्कालीन् प्रतिकार्य योजना तपसिल अनुसार तर्जुमा गरिएको छ । सबै विपद्जन्य घटनामा सबै विषयगतक्षेत्रहरू परिचालन नहुन पनि सक्छ । त्यस्तो अवस्थामा जुन विषयगतक्षेत्र परिचालन हुन्छ त्यसलाई बाँकी विषयगतक्षेत्रहरूका संयोजक एवं सदस्यहरूले सहयोग गर्नुपर्नेछ ।

## ६.१ खोज तथा उद्धार, सूचना र समन्वय क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | अत्याधिक वर्षातको सम्भावना भएमा नदी, खोला आसपास नजान तत्काल सूचना जारी गर्ने र एफ.एम.लगायतका सामाजिक सञ्जाल मार्फत प्रशारण गर्ने । | मौसमको पूर्वसूचना प्राप्त हुनासाथ | विपद् सम्पर्क व्यक्ति, स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र |
| २ | विपद्जन्य घटना भएमा जतिसक्दो छिटो सुरक्षा निकायसँग समन्वय गरी घटना स्थलमा खोज तथा उद्धार टोली पठाउने । | पहिलो दिन | अध्यक्ष, गाउँ विपद् व्यवस्थापन समिति |
| ३ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गर्ने । | पहिलो दिन देखि क्रमशः | खोज तथा उद्धार टोली, स्वयंसेवक |
| ४ | घटनामा कसैको मृत्यु भएमा सो को तथ्याङ्क लिई विस्तृत विवरण तयार गर्ने र सनाखत गर्ने व्यवस्था मिलाउने । | पहिलो दिन | खोज तथा उद्धार टोली |
| ५ | सर्वेक्षण टोली परिचालन भई घटनाको अवलोकन तथा निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment) प्रतिवेदन तयार गरी गाउँ विपद् व्यवस्थापन समितिलाई पेश गर्ने । | दोस्रो दिन देखि क्रमशः | विपद् सम्पर्क व्यक्ति, स्थानीय आपत्कालीन् कार्यसञ्चालन केन्द्र |
| ६ | सर्वेक्षण गरी सबै विषयगत क्षेत्रहरूमा भएका क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी विस्तृत प्रतिवेदन वा बहुक्षेत्र प्रारम्भिक द्रुत लेखाजोखा (Multi-sector Initial Rapid Assessment) तयार गर्ने । | विपद् पश्चात | सर्वेक्षण टोली |
| ७ | घर, गोठ नष्ट भएका र विस्थापित भई | विपद् पश्चात | गाउँ विपद् |

| | | | |
|---|---|---|---|
| | शिविर वा अन्य ठाउँमा बसेकालाई मापदण्ड बमोजिम राहत वितरण गर्ने । | तत्काल | व्यवस्थापन समिति |
| ८ | विपद्को प्रकृतिको आधारमा प्रभावित स्थान कार्यसञ्चालन तथा समन्वय केन्द्र (On-site Operation Coordination Center-OSOCC) स्थापना गर्ने । | विपद् पश्चात तत्काल | ” |
| ९ | विपद्को अवस्था अनुसार संकटकाल घोषण गर्नुपर्ने स्थिती भएका जिल्ला विपद् व्यवस्थापन समितिसँग अनुरोध वा सिफारिश गर्ने । | आवश्यकता अनुसार | ” |
| १० | ठूलो विपद्जन्य घटना भएमा आवश्यकता बमोजिम खाद्य तथा गैरखाद्य राहत संकलन गर्ने । | ” | ” |
| ११ | सबै विषयगतक्षेत्रहरूको सहभागितामा समिक्षा बैठक गर्ने र थप योजना बनाई लागु गर्ने । | ” | ” |

## ६.२ स्वास्थ्य, खानेपानी, सरसफाई र स्वच्छता प्रवर्द्धन क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | विपद्मा घाईते भएकालाई प्राथमिक उपचार गर्ने । | पहिलो दिन | स्वास्थ्य चौकी, सम्बन्धित वडा |
| २ | विपद् प्रभावित ठाउँ वा शिविर सञ्चालन भएको स्थानमा शुद्ध खानेपानीको व्यवस्था गर्ने । | पहिलो दिन देखि क्रमशः | संयोजक तथा सदस्य |
| ३ | आधारभूत औषधी र व्यक्तिगत सरसफाईका लागि हाईजिन किट वितरण गर्ने । | दोस्रो दिन देखि क्रमशः | ” |
| ४ | खानेपानी शुद्धिकरणका लागि औषधी उपलब्ध गर्ने र प्रयोग गर्ने बारे पीडितहरूलाई सिकाउने । | एक हप्ता पछि | ” |
| ५ | विपद्का कारण सिर्जित फोहोर संकलन र विसर्जन गर्ने । | दैनिक | सदस्य र प्रभावित व्यक्ति |
| ६ | विषयगतक्षेत्रको प्रतिवेदन तयार गरी गाउँ विपद् व्यवस्थापन समितिलाई पेश गर्ने । | विपद् पश्चात | संयोजक |

## ६.३ खाद्य सुरक्षा र पोषण क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | विपद्जन्य घटनामा घर, गोठ नष्ट भई विस्थापित भएका व्यक्ति तथा परिवारलाई सुक्खा खानेकुरा जस्तैः चिउरा, दालमोठ, आदि र पिउने पदार्थ उपलब्ध गर्ने । | पहिलो दिन | संयोजक र सदस्यहरू |
| २ | विस्थापित भई शिविरमा बसेको अवस्थामा विस्थापित परिवारको लागि कति खाद्यान्न (चामल, दाल, तेल, नुन, आदि) आवश्यक पर्ने हो सो को आँकलन गरी राहत वितरण गर्ने । | विपद् पश्चात | संयोजक र सदस्यहरू |
| ३ | भण्डारण गरिएको खाद्य सामग्री वितरणको लागि अपुग हुने सम्भावना भएका तत्काल खरिद गर्न वा सहयोग माग गर्न गाउँपालिका अध्यक्षलाई अनुरोध गर्ने । | विपद् पश्चात | संयोजक |
| ४ | खाद्यान्न वितरणमा आईपरेका समस्या तथा चुनौतीहरू बारे विषयगतक्षेत्रका सदस्यहरू बीच समिक्षा बैठक बस्ने र निष्कर्ष गाउँ विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | " |

## ६.४ आश्रयस्थल तथा गैर-खाद्य सामग्री व्यवस्थापन क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | विस्थापित व्यक्ति तथा परिवारको आँकलन गरी आवश्यक त्रिपाल लगायत अन्य गैरखाद्य सामग्रीहरूको व्यवस्था गर्ने । | पहिलो दिन | संयोजक र नेपाल रेडक्रस सोसाइटी |
| २ | विस्थापित व्यक्ति तथा परिवारलाई अस्थायी बासको व्यवस्था गर्ने । यदि लामो समय बस्नु पर्ने स्थिती भएमा शिविर स्थापना गर्ने । | विपद् पश्चात | " |
| ३ | अस्थायी संरचना निर्माणको लागि थप सामग्री वा औजारहरू आवश्यक परेमा गाउँपालिकाको अध्यक्षलाई जानकारी गर्ने र संकलन गर्ने । | " | संयोजक |
| ४ | अस्थायी आश्रय स्थल सञ्चालनमा आईपरेका समस्या तथा चुनौतीहरू बारे विषयगतक्षेत्रका सदस्यहरू बीच समिक्षा बैठक बस्ने र निष्कर्ष गाउँ विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | " |

## ६.५ संरक्षण र शिक्षा क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | अति संकटासन्न समूहमा पर्ने गर्भवती महिला, सुत्केरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र बृद्धबृद्धाहरूको सूची तयार गर्ने । | पहिलो दिन | संयोजक |
| २ | अति संकटासन्न समूहका व्यक्तिहरूको लागि आवश्यक सामग्रीहरूको आँकलन गर्ने, संकलन गर्ने र वितरण गर्ने । | विपद् पश्चात | संयोजक र सदस्यहरू |
| ३ | विशिष्ट आवश्यकता अनुसारका सामग्री जस्तैः डिग्निटी किट (Dignity Kit) वितरण गर्ने । | " | " |
| ४ | परिवार गुमाएका व्यक्ति र मानसिक रुपमा प्रभावित व्यक्तिलाई मनोसामाजिक परामर्श सेवा उपलब्ध गर्ने । | " | " |
| ५ | अति संकटासन्न समूहका व्यक्तिहरूलाई शौचालय प्रयोग गर्दा अपनाउनुपर्ने सुरक्षाको बारेमा सहयोग गर्ने । | " | " |
| ६ | संरक्षण सम्बन्धी कार्यमा देखापरेका समस्या तथा चुनौतीहरू बारे विषयगतक्षेत्रका सदस्यहरू बीच समिक्षा बैठक बस्ने र निष्कर्ष गाउँ विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | संयोजक |

## ६.६ बन्दोवस्ती र शीघ्र पुनर्लाभ क्षेत्रको आपत्कालीन प्रतिकार्य योजना

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | जिम्मेवारी |
|---|---|---|---|
| १ | संरचनाहरू नष्ट भई सार्वजनिक सेवा अवरुद्ध भएका स्थानहरू पहिचान गर्ने र तत्काल सुचारु गर्न आवश्यक कार्यको सूची बनाउने । | पहिलो दिन | संयोजक र सदस्यहरू |
| २ | सेवा अवरुद्ध भएको स्थानमा दक्ष व्यक्ति संलग्न टोली परिचालन गरी बिग्रेको संरचनाको मर्मत सम्भार गर्ने । | दोस्रो दिन देखि क्रमशः | संयोजक |
| ३ | मर्मत सम्भार सम्बन्धी भएका कार्यहरूको बारे गाउँ विपद् व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी आदानप्रदान गर्ने । | दोस्रो दिन देखि क्रमशः | " |
| ४ | मर्मम सम्भारमा देखापरेका समस्या तथा चुनौतीहरू बारे विषयगतक्षेत्रका सदस्यहरू बीच समिक्षा बैठक बस्ने र निष्कर्ष गाउँ विपद् व्यवस्थापन समितिमा पेश गर्ने । | निरन्तर | " |

# परिच्छेद-७

# विविध

## ७.१ आर्थिक स्रोत व्यवस्थापन

शहिद लखन गाउँपालिकाले विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७६ तयार गरिसकेको छ । तसर्थ, विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि गाउँपालिकाबाट उक्त कोषमा हुने विनियोजन बजेटबाट नै कार्यविधि अनुसार आवश्यक खर्च रकम व्यवस्थापन गरिनेछ । साथै, यस गाउँपालिकामा कार्यरत विभिन्न गैरसरकारी संघसंस्थाहरूसँग उद्देश्य मिल्ने शिर्षकहरूमा सहकार्य गरिएको छ र आगामी दिनहरूमा पनि यस किसिमको सहकार्यलाई जारी राखिनेछ ।

## ७.२ अनुगमन तथा सिकाई अभिलेखिकरण

विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना विशेषत गाउँपालिकामा विपद्जन्य घटना सिर्जना गर्ने सबै प्रकोपहरूसँग सम्बन्धित रहने भएकोले यसमा समावेश गरिएका योजनाहरूको गाउँ विपद् व्यवस्थापन समितिले नियमित अनुगमन गर्नेछ । साथै, विपद्जन्य घटना घटेपछि गरिने प्रतिकार्यमा आधारित रही सिकाईहरूलाई संश्लेषण र दस्तावेजिकरण गरिनेछ ।

## ७.३ योजनाको अद्यावधिक

यस योजनालाई कम्तिमा वर्षको एक पटक अद्यावधिक गरिनेछ । विशेषत, यस गाउँपालिका बाढी र पहिरोको अत्यान्तै जोखिममा रहेकोले मनसून शुरु हुनु अगावै यो योजना पुनरावलोकन तथा अद्यावधिक गरिनेछ । यदि कोभिड-१९ जस्तै कुनै अन्य किसिमको विपद्जन्य घटना देखापरेमा सो लाई सम्बोधन गर्न यस प्रतिकार्य योजनालाई परिमार्जन वा अद्यावधिक गरिनेछ ।

# परिच्छेद-६: अनुसूची

## ६.१.शहिद लखन गाउँपालिकाको प्रकोपको स्तरीकरण

| प्रकोप | स्तरीकरण |
|---|---|
| पहिरो, बाढी | १ |
| जंगली जनावर (बाँदर, दुम्सी, चितुवा) | २ |
| आगलागी | ३ |
| महामारी | ४ |
| हावाहुरी | ५ |
| अन्नबालीमा लाग्ने किरा तथा रोग | ६ |
| जनावरमा लाग्ने रोग | ७ |
| सुक्खा | ८ |
| सडक दुर्घटना | ९ |
| चट्याङ | १० |
| बालीमा फल नलाग्ने (Crop Faliure) | ११ |

## ६.२ शहिद लखन गाउँपालिकाको पहिरो जोखिम क्षेत्रहरूको विवरण

| वडा नं. | बाढीबाट प्रभावित क्षेत्र | | पहिरोबाट प्रभावित क्षेत्र | | खोला करिडोरको नाम |
|---|---|---|---|---|---|
| | उच्च जोखिम | मध्यम जोखिम | उच्च जोखिम | मध्यम जोखिम | |
| १ | शेराबेंसी, बक्राङबेसी | सिउरेनी, एक्लेफाँट | ठूलो दिप्लीङ, सानो दिप्लीङ, खान्चोक | गाल्धोक, ल्होपागाउँ, कुसुण्डे, पुरानोगाउँ, भोगटेनी, बाँझगरा, मैदान टोल | लुदी खोला, राङ्दी खोला, कुसुण्डे खोला, रोग्दी खोला, फच्याङ्दी खोला, साँधी खोला, नारी खोला, विरौटा खोला, गुर्दुम खोला, वडाल खोला |
| २ | - | - | उम्लुङ, फिनाउदी, ढाँडबारी | - | पौले खोला, भिरुघारी, ढाँडको र पातल पहिरो |
| ३ | दोभान, हाट बजार, चिसोपानी, | कल्लेरी | दोभान कान्टार, बसन्ते ढुङ्गा, | कल्लेरी, लामाछाप, तल्लोग्याझा, | दरौंदी नदी, मर्स्याङदी नदी, सिलिङ खोला, चुहिने |

| | | | | | |
|---|---|---|---|---|---|
| | चुहिने पानी | | डाडागाउँ (मनकामना मा.वि.पछाडी) | माथिल्लो बनौती, पुलामी गाउँ, बराबोटे, मनकामना बजार (पाताल जंगल तर्फ), हटिया (पाताल जंगल तर्फ), सिलिङटार | पानी खोला, रेवती खोला, खहरे खोला |
| ५ | लुदी खोला वरपर, | - | पोखरी डाँडा, भैंसेपोल, तोरेन | मास्किछाप | जौवारी खोला, पाङदुरी खोला, रक्से खोला, लाटी खोला |
| ६ | दाचें बेंशी | - | खगि पैरेनी, खगि पुछार गाउँ, अँधरी नेवार गाउँ | भाङवारी तोलाङ्गी गाउँ, पिपलछाप दलित वस्ती, अँधरी पारी जोगी गाउँ, रानागाउँ बेंशी, तिनघरे | खमारे खोला, खर्खरे खोला, तोलाङ्गी खोला, गैह्रछाप ढाडगैह्रा खोला, कमेरे खोला, भालु खोला, आठमुरे खोला, ढ्वाङढ्वाङ्गे खोला |
| ७ | | बाह्रविस. क्षेत्र, सुकौरा खोला आसपास, लुदी खोला आसपास | | वोर्लाङ्गी गाउँ, शिखरडाँडा, मकैपुर पतेनी पाखा | ज्यादुल खोला, सुकौरा खोला, लुदी खोला |

## ६.३ मानवीय सहयोगका मापदण्ड (Sphere Standards)

### ६.३.१ आश्रय तथा गैरखाद्य सम्बन्धी मापदण्डहरू

- औसतमा एक व्यक्तिका लागि ३.५-४.५ वर्ग मिटरको छाना भएको क्षेत्र,
- औसतमा ५ सदस्यहरू रहेको एक परिवारको लागि कम्तीमा पनि ४-५ मिटरको डोरी सहितको प्लाष्टिक सिट र सहायता सामग्री,
- पर्याप्त कम्बल,
- दुई वर्ष सम्मका केटाकेटीहरूका लागि कम्तीमा एक सेट कपडा,
- एक सेट घरायसी भाँडा,

### ६.३.२ खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धनसँग सम्बन्धी मापदण्डहरू

**सुरक्षित पानीः-**

- पिउने पानी ५ लिटर प्रति व्यक्ति प्रति दिन र अन्य कामका लागि १५ लिटर प्रति व्यक्ति प्रति दिन गरी जम्मा २० लिटर पानी प्रति व्यक्ति प्रतिदिन,
- पानी संकलन गर्न जाने स्थान ५०० मिटर भन्दा टाढा हुन नहुने र पानी ल्याउन ३० मिनेट भन्दा बढी नलाग्ने हुनुपर्ने,
- पानी भर्न र भण्डारण गर्नका लागि प्रति परिवार २ वटा बाल्टिन उपलब्ध हुनुपर्ने,
- सार्वजनिक धारामा प्रतिधारा ०.२ लिटर प्रति सेकेण्ड प्रति २० परिवारको लागि पानी उपलब्ध गर्ने ।

**चर्पीः-**

- १ चर्पी प्रति २५ देखि ३० व्यक्तिका लागि,
- १ चर्पी प्रति १० जना फरक क्षमता भएका व्यक्तिका लागि,
- यी माथिका पूर्वाधार तयार गर्दा खानेपानीका श्रोतहरू प्रदुषित नहुने गरी गर्नुपर्ने, र महिला, बालबालिका तथा फरक क्षमता भएकाहरूलाई सहज हुने गरी गरिनुपर्ने ।

**नुहाउने स्थानः-**

- विपद् आईलागेको पहिलो ३ दिन ४० महिलाको लागि १ स्नान गृह तयार गर्ने, त्यसपछि २० जनाको लागि १ स्नान गृह तयार गर्ने ।

**हाइजिन किट :-**

- १ सेट प्रति परिवार,
- प्रत्येक चर्पीमा साबुन, हार्पिक, ब्रस, फिनेल, वाल्टिन र मग राख्ने,
- प्रति व्यक्ति प्रति महिना २५० ग्राम नुहाउने र २०० ग्राम कपडा धुने साबुन उपलब्ध गराउने,
- ठोस फोहोर व्यवस्थापनका लागि प्रति १० घरका लागि १०० लिटर क्षमताको १ कन्टेनर १०० मिटर भित्रको दुरीमा राख्ने ।

### ६.३.३ खाद्य सुरक्षासँग सम्बन्धी मापदण्ड

- जीवन जीउनको निमित्त एक घरपरिवारलाई प्रति व्यक्ति प्रति दिन आवश्यक २,१०० किलो क्यालोरी शक्ति सहितको खाना,

### ६.३.४ स्वास्थ्य र पोषणसँग सम्बन्धी मापदण्डहरू

- प्रारम्भिक लेखाजोखा सञ्चालन गरिएकै समयमा स्वास्थ्य सम्बन्धी निगरानी (Health Surveillance) को शुरुवात गर्ने,
- समुदाय तहमा रोग तथा चोटपटकको उपचार विद्यमान प्राथमिक स्वास्थ्य केन्द्रको प्रणालीको माध्यमबाट र गम्भिर विरामीहरूलाई प्रेषण केन्द्रहरूमा पठाई आपत्कालीन् स्वास्थ्य सेवा उपलब्ध गर्ने,
- सिफारिस गरी पठाईने अन्य केन्द्रहरू (Referral Centres) मा पुग्नका लागि विरामीहरूका लागि उपयुक्त यातायातको प्रवन्ध गर्ने,
- आपत्कालीन् अवस्थामा प्रजनन् स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन Minimum Initial Service Package (MISP) सञ्चालन गर्ने,
- स्वास्थ्य उपचारको राम्रो व्यवस्था गर्ने,
- गर्भवती, स्तनपान गराउने महिला, नवजात शिशु, ५ वर्ष मुनिका बालबालिकाहरू तथा बृद्धबृद्धाहरूको विशेष स्याहार गर्ने ।

**अनुसुची**

**योजना बनाउँदा रहेको उपस्थिति**

| क्र.सं. | नाम र थर | प्द | स्था.वि.व्य.स.मा भूमिका | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | रमेशबाबु थापा मगर | अध्यक्ष, गाउँपालिका | संयोजक | ९८५६०४०३७५ |
| २ | इन्दिरा तिवारी | उपाध्यक्ष, गाउँपालका | सदस्य | ९८४६४३३५१५ |
| ३ | बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका | सदस्य | ९८५६०१०५३३ |
| ४ | दिपक पाण्डे | संयोजक, आर्थिक समिति | सदस्य | ९८५६०६१४६१ |
| ५ | कृष्ण बहादुर प्रजा | संयोजक, सामाजिक विकास समिति | सदस्य | ९८४६२५२९९७ |
| ६ | शरण श्रेष्ठ | संयोजक, पूर्वाधार विकास समिति | सदस्य | ९८५६०४०३६८ |
| ७ | प्रेम गुरुङ्ग | संयोजक, वन, वातावरण तथा विपद् व्य.समिति | सदस्य | ९८५६०४११२७ |

| | | | | |
|---|---|---|---|---|
| ८ | यम बहादुर राना | संयोजक, सुशासन तथा संस्थागत विकास समिति | सदस्य | ९८४६१५८९७३ |
| ९ | ई.राजन रानाभाट | प्रमुख, पूर्वाधार शाखा | सदस्य | ९८४६०१०५४३ |
| १० | पूर्ण बहादुर गहतराज | प्रमुख, प्रशासन शाखा | सदस्य | ९८५६०१०५१४ |
| ११ | विरेन्द्र श्रेष्ठ | प्रमुख, स्वास्थ्य शाखा | सदस्य | ९८४६०५२३७७ |
| १२ | डेड बहादुर थापा | प्रमुख, घैरुङ्ग | सदस्य | ९८५६०९११०१ |
| १३ | ई.मेघनाथ प्रसाद यादव | विपद् सम्पर्क व्यक्ति | सदस्य सचिव | ९८५६०१०५३८ |
| **विशेष उपस्थिति** | | | | |
| १४ | सकुन थापा | वार्ड नं २ | वडाध्यक्ष | ९८४६९०८६८७ |
| १५ | यम बहादुर थापा | वार्ड नं ४ | वडाध्यक्ष | ९८५१०१६३६२ |
| १६ | दिलिपनारायण थापा | वार्ड नं ६ | वडाध्यक्ष | ९८४१६२८३२७ |
| १७ | वासुदेव ढकाल | वार्ड नं ८ | वडाध्यक्ष | ९८५१०८५७९७ |
| १८ | रामकुमार श्रेष्ठ | वार्ड नं ९ | वडाध्यक्ष | ९८४६२९०९२१ |
| १९ | हस्तकुमारी गुरुंग | वार्ड नं ७ | कार्यपालिका सदस्य | |
| २० | लिना थापा | | कार्यपालिका सदस्य | |
| २१ | शोभा नेपाली | | कार्यपालिका सदस्य | |
| २२ | विमला ढुंगाना | | कार्यपालिका सदस्य | |
| २३ | गिता परियार | | कार्यपालिका सदस्य | |
| **सहजीकरण सहभागिता** | | | | |
| २४ | बुद्धिराम कुमाल | सहमति | DRR Expert | ९८५५०५५७३८ |
| २५ | शिव सुवेदी | विपद् उत्थानशील युवा महिला उद्यमी परियोजना (सहमति गैंडाकोट/LWR) | परियोजना संयोजक | ९८५१११३११३ |